जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु


www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३६१ • २०८२ कार्तिक २ गते आईतवार • 19 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-


## आज काग तिहार,सानो दीपावली

# दीपावली पूर्वको पहिलो र आज दोस्रो दिन 'धनतेरस' पर्व हर्षोल्लासका साथ मनाइदै


जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १ कार्तिक




आज काग तिहार अर्थात सानो दीपावली देश भरी धुमधामसँग मनाउनुका साथै महोत्तरी सहितका मधेसका मिथिला क्षेत्रमा कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म रहने दीपावली पर्वको पहिलो र आज दोस्रो दिन 'धनतेरस' मनाइदै छ।

मिथिलाको जनबोलीमा 'दिवाली' भनिने यो पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ। पर्वको पहिलो दिन आज धातुका नयाँ समान जोडेर लक्ष्मीको आराधना गर्दै 'धनतेरस' पर्व मनाइने तयारी छ। सामान्यतया पाँच दिनको यो पर्व यसपालि तिथिको भोग घटबढले छ दिनको भएको छ। आज अपराह्न १३:२३ पछि त्रयोदशी लाग्नेहुँदा यसै तिथिको साँझ आज 'धनतेरस' मनाइने भएको हो। आज अपराह्न १३:२३ सम्म द्वादशी तिथिको भोग रहे पनि त्यसपछि त्रयोदशी तिथि सुरु हुने भएको हुँदा आजै धनतेरस मनाइने मैथिल कर्मकाण्डका ज्ञाताहरूको भनाइ छ। 'धनतेरस' लक्ष्मीकै आराधना भएको र यो सन्ध्याकालदेखि गरिने मैथिल चलन छ। मिथिलामा चाडपर्व र तिथि प्रयोजनसँग जोडिने कार्यहरू विद्यापति र मिथिला पञ्चाङ्गका आधारमा निर्णय गर्ने चलन छ। अपराह्न नै त्रयोदशी सुरु भएर आजै 'धनतेरस' मनाइए पनि यसै तिथिको कागपूजा भने भोलि आइतबार नै हुनेछ। यसैगरी लक्ष्मीपूजा र गाईपूजा पनि एकदिन अघिपछि परेको छ। सामान्यतया दिवालीको पहिलो दिन त्रयोदशी तिथिमा कागपूजा र धनतेरस एवम् औँसीमा गाईपूजा र सन्ध्यापछि लक्ष्मीपूजा गरिने चलन हुन्छ।

तर यसपालि रातको औँसी सोमबार नै परेको हुँदा सोही दिन लक्ष्मीपूजा गरिने मैथिल कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित दिनेशकुमार झा बताउनुहुन्छ। यसपालि तिथिको भोग घटबढले फरकफरक दिन (एकदिन अघिपछि) यी पर्वविधि गरिन पर्ने भएको हो। धनतेरस आज र भैयादूज (भाइटीका) आउने बिहीबार परेको हुँदा पाँच दिनको भनिने 'यमपञ्चक' यसपालि एक दिन बढेर छ दिनको भएको हो। कात्तिक कृष्ण त्रयोदशीको रात्रिकाल भोगको (सूर्यास्तपछि) दिनलाई मिथिलामा 'धनतेरस' भनिन्छ। यस दिन नयाँ धातुका समान किनेर पूजाआराधना गर्दै दीपावली पर्व प्रारम्भ गर्ने मैथिल परम्परा छ। आज अपराह्न त्रयोदशी तिथि प्रारम्भ हुने हुँदा नक्षत्रादीको भोगले सन्ध्याकालमा धातुका नयाँ सामान किन्न शुभ हुने पं। झाको भनाइ छ। घरघरमा आजै साँझदेखि उज्याला बत्ती बालेर नयाँ किनिएका धातुका सामान र धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिनेछ। मिथिलामा धनत्रयोदशी पनि भनिने 'धनतेरस' आज मनाइने भए पनि त्रयोदशी तिथिमै मनाइने धन्वन्तरी जयन्ती र काक पूजा भने भोलि आइतबार मनाइने छ। यसैगरी औँसीको रातमा गरिने लक्ष्मी पूजा सोमबार र यसै तिथिमा गरिने गाई पूजा भने मङ्गलबार गरिने छ। 'धनतेरस' र लक्ष्मीपूजा सन्ध्याकालसँगै सुरु गरेर रातभरि गरिन्छ। तर गाईपूजा भने दिनको उज्यालोमा गरिने चलनले यो मङ्गलबार बिहान गरिने झाले स्पष्ट पार्नुभयो। दीपावली मुख्यतः धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने पर्व भएको हुँदा पहिलो दिन नै नयाँ वस्तु जोडेर लक्ष्मी खुसी पार्न 'धनतेरस' पर्वको परम्परा चलेको पाका मैथिल बताउँछन्। मिथिला क्षेत्रमा 'दिवाली'को पहिलो दिन नै बजारबाट किनेर ल्याइएको धातुका गहना वा भाँडालाई लक्ष्मीको प्रतिमा स्थापित गरिएका ठाउँमा पूजा गरेर यो पर्व विधिवत सुरु गरिने परम्परा छ।

# अध्यक्ष सुरेन्द्रकुमार भण्डारीमाथि प्रहरीद्वारा गरिएको साङ्घातिक आक्रमणको सर्वत्र निन्दा र विरोध


जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १ कार्तिक




जनकपुरधाम उद्योग वाणिज्य सङ्घले आफ्ना अध्यक्ष सुरेन्द्रकुमार भण्डारीमाथि प्रहरीद्वारा गरिएको साङ्घातिक आक्रमणको सर्वत्र निन्दा र विरोध गरेको छ। सङ्घले धनुषा प्रहरीले व्यापारी र सङ्घका पदाधिकारीमाथि 'लुटपाट शैलीमा' आक्रमण गरेको आरोप लगाउँदै संलग्न प्रहरी अधिकारीहरूलाई तत्काल निलम्बन गरी कानुनी कारबाही गर्न माग गरेको हो।

सङ्घका अनुसार शुक्रबार साँझ करिब ६:१५ बजे जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी गणेशबहादुर बमको नेतृत्वमा गएको प्रहरी टोलीले जनकपुरधाम उपमहानगरपालिका-५ स्थित संजय पायल ज्वेलर्समा कुनै पूर्व जानकारी वा कानुनी प्रक्रिया बिना छापा मारेको थियो। सङ्घले दिएको विवरणअनुसार प्रहरी टोलीले पसलमा रहेका चाँदी र सुनका गरगहना जबरजस्ती कब्जा गर्न खोजेको र पसल सञ्चालक सञ्जय ठाकुर तथा उनका परिवारले कानुनी प्रक्रिया पालना गर्न आग्रह गर्दा समेत टोली आक्रामक बनेर ठाकुरकी श्रीमतीमाथि समेत हातपात गरेको बताइएको छ। घटनास्थलमा पुगेका सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले प्रहरीको कार्यशैलीमा आपत्ति जनाउँदै कानुनी प्रक्रिया अपनाउन आग्रह गर्दा उनीमाथि लाठी र बुट प्रहार गरिएको संघको दाबी छ।

आक्रमणबाट भण्डारीको टाउको फुटेको र शरीरका विभिन्न भागमा चोट लागेर उनलाई मरणासन्न अवस्थामा प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको, अहिले आइसियुमा उपचार भइरहेको सङ्घले जनाएको छ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence



## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

**जुवातास खेले वा खेलाएमा, मुलुक अपराधसंहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखेलमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility

# १३ औं वनदेवी माई अध्यक्ष गोल्डकप २०८२ को तयारी पुरा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ कार्तिक**



बटेश्वर गाउँपालिका-२ सितापुर खोरियास्थित मधेश प्रदेशस्तरिय फुटवल म्याच १३ औं वनदेवी माई अध्यक्ष गोल्डकप २०८२ को तयारी पुरा भएको छ । वनदेवी माई खेल मैदानमा आयोजना हुने १३ औं वनदेवी अध्यक्ष गोल्डकप २०८२ को ट्राईसिट सार्वजानिक गरेको छ ।

बडादशै, दिपावली र छठ पर्वको अवसरमा सितापुर खोरियामा फुटवल म्याचको आयोजना गर्दै आएको छ। वनदेवी माई अध्यक्ष गोल्डकपको उदघाटन कार्तिक २ गते आइतवार दिउँसो २ बजे हुने आयोजक संस्था वनदेवी माई युवा क्लवले जनाएको छ । खेलमा धनुषा, महोत्तरी, सर्लाही, उदयपुर, सिरहा, पर्सा, सिन्धुली र आयोजक संस्थाको टिमको सहभागिता रहनेछ ।

उदघाटन खेल जनसेवी फुटवल क्लव बर्दिवास र कटारी फुटवल क्लव उदयपुरविच हुने आयोजक वनदेवी युवा क्लवका अध्यक्ष नरेन्द्र प्रसाद रायले बताए । फाइनल खेल कार्तिक ११ गते हुनेछ । खेल विजेता टिमलाई मेडलसहित नगद १ लाख पचास हजार र उपविजेता टिमलाई मेडलसहित ५५ हजार नगद पुरस्कारले सम्मान गरिने आयोजकले जनाएको छ। बटेश्वर गाउँपालिका, वडा कार्यालय २ र क्लवको आर्थिक सहयोगमा आयोजना हुने खेलको प्रत्यक्ष प्रशारण समेत गरिने स्थानिय युवा अजय कारकले बताए ।




अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# दोषीमाथि कारबाही गर्न मुख्यमन्त्रीको निर्देशन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १ कार्तिक**

मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले राति जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि भएको कुटपिट बारे छानबिन गरी दोषीमाथि कारबाही गर्न प्रहरीलाई निर्देशन दिएका छन् ।

प्रहरीको कुटाइबाट घाइते भएका सुरेन्द्र भण्डारीलाई आज अस्पतालमा गएर भेटेपछि मुख्यमन्त्री सोनलले मधेस प्रदेशका प्रहरी प्रमुखलाई फोन गरेर घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न निर्देशन दिएका हुन् ।

हिजो राति प्रहरी र स्थानीय सुनचाँदी व्यवसायीहरूबिच झडप भएको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट गएको प्रहरीले जिल्लाको सोनारपट्टीस्थित सुनचाँदी पसलमा छापा मार्न जाँदा विवाद उत्पन्न भएको थियो ।

त्यहाँ प्रहरी र सुन व्यवसायीबिच झडप हुँदा उद्योग वाणिज्य सङ्घका अध्यक्ष भण्डारी घाइते भएका थिए । व्यापारीहरुले यसरी दीपावलीको समयमा राति राति आएर छापा मारेर दु:ख दिने काम नगर्न भन्दै प्रहरीलाई प्रतिकार गरेपछि विवाद उत्पन्न भएको थियो ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# धनतेरस र भगवान धन्वन्तरी

धनतेरस हिन्दुहरुको एक महान आस्थाको पर्व हो । यसमा सुन, चाँदी, भाँडाकुँडा वा सवारी साधन किनमेल गर्ने परम्परा छ । साथै, यही दिन आयुर्वेदका प्रवर्तक भगवान धन्वन्तरीको जन्मोत्सव पनि मनाइन्छ । सोही दिन भगवान विष्णुको पनि पूजा गर्ने चलन छ । सम्पूर्ण विश्वबासीहरु दीर्घायु र निरोगी हुन् भन्ने कामना गर्दै उनको पूजा गर्ने गरिएको हो। धार्मिक विश्वास अनुसार , यस दिन धातुका भाँडावर्तन वा सुनचाँदीका गरगहना किन्नेले लक्ष्मीको आशीर्वाद पाउँछन्।

हिन्दू धर्म र पौराणिक कथाहरूमा भगवान धन्वन्तरीलाई आयुर्वेदका देवता, चिकित्सकहरूको संरक्षक, स्वास्थ्य, समृद्धि र दीर्घायुका प्रतीकका रूपमा मानिन्छ । उनी भगवान विष्णुको अवतार हुन् र पूर्वीय चिकित्सा विज्ञानका प्रथम आचार्य पनि मानिन्छन्। धन्वन्तरीले देव-असुर संग्रामका बेला भगवान विष्णुको अवतारका रूपमा प्रकट भई देवताहरूको उपचार गरेका थिए। त्यसैले, उनलाई भगवान राम र श्रीकृष्णकै स्तरमा राखी पूजा गर्ने परम्परा रहिआएको छ। महाभारत, विष्णु पुराण, अग्नि पुराण र श्रीमद्भागवत महापुराणमा धन्वन्तरीको महिमा उल्लेख गरेको पाइन्छ। धन्वन्तरीको जन्म समुद्र मन्थनको समयमा भएको थियो, जुन देवता र असुरबीचको ऐतिहासिक घटना हो। क्षीरसागर (दूधको सागर) मा मन्दराचल पर्वतलाई मथानी र वासुकी नागलाई डोरी बनाएर समुद्र मथिँदै थियो । भगवान विष्णुले कूर्म ( कछुवा) अवतार लिएर पर्वतलाई आधार दिएका थिए। मन्थनको क्रममा अनेक दिव्य वस्तुहरू प्रकट भए । लक्ष्मीदेवी, पारिजात वृक्ष, ऐरावत हात्ती, चन्द्रमा, कौस्तुभ मणि, कामधेनु गाई, आदि। ती सबैमध्ये एक दिव्य स्वरूपमा भगवान धन्वन्तरी अमृतको कलश लिएर समुद्रबाट प्रकट भए । उनी चार हात भएका, तेजस्वी र सुन्दर स्वरूपका थिए । हातमा अमृत कलश, शंख, चक्र र औषधीय जडीबुटी बोकेका। यो प्रतीकले स्वास्थ्य, उपचार र अमरत्वको संकेत गर्छ।

## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: मनमा पछुतो आउने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# इजरायली हवाई आक्रमणमा प्रमुख कर्मचारी मारिएको हुथी विद्रोहीको दावी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ कार्तिक**



यमनको हुथी समूहले आफ्ना प्रमुख कर्मचारी मोहम्मद अब्दुलकरिम अल-गुमारी हालै इजरायली हवाई आक्रमणमा मारिएको बताएको छ। हुथीद्वारा सञ्चालित उपग्रह च्यानल अल-मसिराहद्वारा प्रसारित विज्ञप्तिमा भनिएको छ कि उनीसँगै धेरै वरिष्ठ अधिकारीहरू पनि त्यही स्थानमा मारिएका छन्।

तर थप विवरणहरू दिइएको छैन। इजरायलसँगको द्वन्द्वको चरण समाप्त नभएको र जियोनिस्ट शत्रुले आफूले गरेको अपराधको लागि यसको दण्ड पाउने हुथीहरूले चेतावनी दिएका छन्। नाम न छाप्ने सर्तमा एक हुथी स्रोतले भन्यो कि अल-गुमारी अगस्ट २८ मा हुथी नियन्त्रित राजधानी सानामा सरकारी परिसरलाई लक्षित इजरायली हवाई आक्रमणमा मारिएका थिए। जसमा हुथीद्वारा नियुक्त प्रधानमन्त्री अहमद अल-राहवी, ११ अन्य मन्त्रीहरू र दुई वरिष्ठ क्याबिनेट अधिकारीहरू पनि एक बैठकको क्रममा मारिएका थिए। स्थानीय मिडियाका अनुसार अल-गुमारी समूहका नेता अब्दुलमलिक अल-हुथीका विश्वासपात्र थिए।

# मिस्टर बिस्टसँग एकसाथ देखिए बलिउडका ३ खान सुपरस्टार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ कार्तिक**



ग्लोबल युट्युब स्टार मिस्टर बिस्ट (जिमी डोनाल्डसन)ले तीन बलिउड खान सुपरस्टारहरू शाहरुख, सलमान र आमिरलाई भेटेका छन्। उनले इन्स्टाग्राम स्टोरीमा यो फोटो पोस्ट गरेसँगै इन्टरनेटमा आँधी ल्याएको छ। बलिउडले पनि यो फोटोमाथि प्रतिक्रिया दिएको छ।

मिस्टरबिस्टले इन्स्टाग्राम स्टोरीमा सेयर गरेको भाइरल तस्वीर अक्टोबर १६ मा साउदी अरेबियाको रियादमा भएको जोय फोरम २०२५ मा खिचिएको हो। फोटोमा युट्युबरको क्याप्सन छ, 'हे भारत, के हामी सबै मिलेर केही गर्नुपर्छ?', एउटा रहस्यमय क्याप्सन जसले भारतीय प्रशंसकलाई विश्वको सबैभन्दा ठूलो युट्युबर र बलिउडका सबैभन्दा ठूला सुपरस्टार बीचको सम्भावित सहकार्यको बारेमा अनुमानको उन्मादमा पुर्‍यायो। मिस्टरबिस्टले तीन सिनेम्याटिक आइकनसँग मुस्कुराउँदै पूर्ण कालो पहिरनमा आकर्षक देखिएका छन्। फोटो सार्वजनिक हुने वित्तिकै सामाजिक सञ्जाल प्रयोगकर्ताले सम्भावित सहकार्यबारे टिप्पणी गरिरहेका छन्। ३ दशकभन्दा बढी समयदेखि बलिउडमा राज गरिरहेका तीन खानहरू विरलै सँगै देखिने भएकाले यो तस्वीरको विशेष महत्व छ। यी ३ जनालाई पछिल्लो पटक मुम्बईमा आमिरको फिल्म 'सितारे जमिन पर'को स्क्रिनिङमा सँगै देखाइएको थियो। उनीहरूले आर्यन खानको निर्देशनमा बनेको डेब्यू वेब-सिरिज, द ब्याड्स अफ बलिउडमा पनि अभिनय गरेका थिए।

# मटिहानी र सम्सीमा गुणस्तरीय शिक्षाका लागि शैक्षिक सामग्री वितरण

**आरजे इर्शाद शेख**
**महोत्तरी, १ कार्तिक**



युरोपियन युनियनको आर्थिक सहयोगमा, सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको साझेदारी तथा मटिहानी नगरपालिकाको समन्वयमा सञ्चालन भइरहेको "गुणस्तरीय शिक्षा: कोही पनि पछाडि नपरून्" कार्यक्रमअन्तर्गत शैक्षिक सामग्री वितरण गरिएको छ।

उक्त कार्यक्रम विशेष गरी असहाय, अपांग, विपन्न, दलित तथा अल्पसंख्यक समुदायका बालबालिकालाई लक्षित गरिएको हो। विद्यालयसम्म पुग्न कठिनाई भोगिर हेका तथा पठनपाठनमा संलग्न हुन चुनौती सामना गरिरहेका बालबालिकालाई अध्ययनमा सहजता होस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको आयोजक संस्थाहरूले जनाएका छन्।

कार्यक्रम अन्तर्गत महोत्तरी जिल्लाका सम्सी गाउँपालिका तथा मटिहानी नगरपालिकाबाट छनोट गरिएका ५० जना विद्यार्थीलाई विद्यालय झोला – १ थान,विद्यालय पोसाक (सर्ट/प्यान्ट) – १/१ थान,स्टिल पानी बोतल – १ थान,२०० पृष्ठका कापी – १० थान,डटपेन (टेक्नोटिप) – ५ थान,औजार बाकस – १ थान,पेन्सिल – १० थान,इरेजर – ५ थान र कटर – ५ थान शैक्षिक सामग्रीहरू प्रदान गरिएका छन्।

सामग्री वितरण कार्यक्रम सम्बन्धित विद्यालयका प्रधानाध्यापक, स्थानीय वडाध्यक्षहरू, विद्यार्थीका अभिभावक तथा सरोकारवाला निकायहरूको सहभागितामा सम्पन्न भएको हो। कार्यक्रमका आयोजकहरूले सो वितरणले विपन्न तथा पछाडि पारिएका वर्गका बालबालिकामा शिक्षाप्रतिको अभिरुचि अभिवृद्धि गर्नुका साथै विद्यालयमा उनीहरूको नियमित उपस्थितिलाई सुनिश्चित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

# फेरिएको पुरुष भलिबल टिम र काभा कपमा पदक जित्ने लक्ष्य


**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ कार्तिक**



नेपाली राष्ट्रिय पुरुष भलिबल टोलीले दुई वर्षपछि अन्तर्राष्ट्रिय प्रतियोगितामा पुनरागमान गर्दै बंगलादेशमा यही कात्तिक ५ गतेदेखि सुरु हुने काभा कप फर मेन (काभा पुरुष भलिबल प्रतियोगिता) खेल्दैछ।

सेन्ट्रल एसिया रिजनको ६ टिमले प्रतिस्पर्धा गर्ने यस प्रतियोगितामा नेपालसहित ६ टिमले सहभागिता जनाउने छन्। लामो समयपछिको अन्तर्राष्ट्रिय प्रतियोगिता, फेरिएको नेपाली टोली र कप्तान अनि पदक जित्ने लक्ष्यका साथ नेपाली टोलीले बंगलादेशको यात्रा तय गर्नेछ। नेपालले पछिल्लो पटक सन् २०२३ अक्टोबरमा श्रीलंकामा भएको काभा च्यालेन्ज कप खेलेपछि पुरुष टोलीले पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न लागेको हो। यसबीचमा अन्तर्राष्ट्रिय सहभागिता नहुँदा तत्कालीन कप्तान मान बहादुर श्रेष्ठ सहित अधिकांश खेलाडी विदेश पलायन हुँदा त्यसको प्रत्यक्ष असर अहिले नेपाली टिममा देखिएको छ।

हरिहजुर थापाको कप्तानीमा रहेको १२ सदस्यीय नेपाली टोलीमा अहिले अधिकांश नयाँ र युवा खेलाडीको बाहुल्य छ। यसअघि नियमित खेल्दै आएकोमा हरिहजुर र धनबहादुर भट्ट नै नेपालको सबैभन्दा अनुभवी खेलाडीको रुपमा छन्। तयारी र चाडपर्व: नेपाली टोलीले असोजको २ गतेदेखि प्रशिक्षण गरेको थियो। बीचमा महान चाड दशैं पनि परेकोले नेपालले लामो समय तयारी भने गर्न पाएन। दशैंको बेला पनि प्रशिक्षणमै रहेका नेपाली टोली तिहारको समयमा प्रतियोगिता खेल्न जाँदैछ।



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# कांग्रेसको अबको मार्गचित्र



-सभापति शेरबहादुर देउवाले कार्यकारी भूमिकाबाट संन्यास लिएर उपसभापति पूर्णबहादुर खड्कालाई जिम्मेवारी सुम्पिएपछि कांग्रेसमा नेतृत्व हस्तान्तरण र महाधिवेशनको बहस तीव्र बनेको छ । पार्टी पुनर्गठन, पुस्तान्तरणसहितको भिजनरी नेतृत्व र समयसापेक्ष नीति निर्माणका लागि आसन्न महाधिवेशनलाई अवसरका रूपमा लिनुपर्ने आवश्यकता देखिएको छ।

कांग्रेसले संगठन, सदस्यता प्रणाली, आन्तरिक लोकतन्त्र र नीति-नेतृत्वमा व्यापक सुधार नगरे पुनर्जीवन सम्भव छैन भन्ने निष्कर्षमा बहस केन्द्रित भएको छ। नियमित वा विशेष महाधिवेशन गर्न तीव्र दबाब बढिरहेको पृष्ठभूमिमा सभापति शेरबहादुर देउवाले कार्यकारी भूमिकाबाट अघोषित रूपमा संन्यास लिएर उपसभापति पूर्णबहादुर खड्कालाई जिम्मेवारी सुम्पिएपछि कांग्रेसमा नयाँ अध्याय सुरु भएको छ। धारावाहिक विवाद, असहमति र शक्तिसंघर्षको पर्याय हुँदै आएको कांग्रेसमा देउवाले जारी केन्द्रीय समितिको बैठकमा आसन्न महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्ने घोषणा गरेपछि भावी नीति र नेतृत्वका बारेमा गम्भीर बहस प्रारम्भ भएको छ। जेन-जी विद्रोहपछि विकसित भएको नयाँ राजनीतिक परिस्थितिमा देउवाको घोषणाले महाधिवेशन र नेतृत्व हस्तान्तरणका दृष्टिले सापेक्षिक रूपमा सकारात्मक वातावरण सिर्जना भएको देखिन्छ। यस्तो परिवर्तित परिदृश्यमा धुमिल भए पनि क्षितिजमा आशाको संकेत देखिएको छ। त्यसैले नीति र नेतृत्व दुवै दृष्टिले संक्रमणकालबाट गुज्रिरहेको कांग्रेसका लागि आसन्न महाधिवेशन अवसर हो भने कार्यवाहक सभापति खड्का र कांग्रेसजनहरूका लागि अग्निपरीक्षा।

करिब ३० प्रतिशत मध्यम वर्ग तथा लोकतन्त्र पक्षधर बौद्धिक वर्गको बाहुल्य भएको देशमा लोकतन्त्रवादी पार्टीको सैद्धान्तिक र वर्गीय आधार कमजोर छैन। तर सैद्धान्तिक र वर्गीय धरातल सापेक्षिक रूपमा बलियो भएको लोकतन्त्रवादी कांग्रेस किन कमजोर र अलोकप्रिय हुँदै छ ? कांग्रेसको नीति असान्दर्भिक भएको हो कि नेतृत्वको असफलता ? के देउवा युगको अन्त्य भएपछि अब कांग्रेसले पुनर्जीवन पाउने सम्भावना छ ? कांग्रेसको अबको मार्गचित्र के हो ? आसन्न महाधिवेशनबाट कस्तो नेतृत्व स्थापित होला र कस्तो नीति अंगीकार गर्ला ? महाधिवेशनको पूर्वसन्ध्यामा यस्ता प्रश्न उठ्नु र बहस हुनु अस्वाभाविक भएन। यदि कांग्रेसलाई पुनर्गठन र रूपान्तरण गर्ने हो भने उक्त प्रश्नबारे वस्तुनिष्ठ मीमांसा गरी अबको मार्गचित्र तय गर्नु अपरिहार्य छ। मंसिरमा अनिवार्य महाधिवेशन: कांग्रेसका नेता-कार्यकर्ताले मंसिरमा नै नियमित १५औं महाधिवेशनको माग गर्दै आएका छन्, जुन स्वाभाविक हो। महामन्त्री गगन थापाले मंसिर महिनाभित्रै १५औं महाधिवेशन गर्न प्रस्ताव गर्दै केन्द्रीय समितिको कार्यकाल थप गर्ने प्रस्ताव पेस नगर्ने सार्वजनिक घोषणा गरेका छन्। यदि समयाभाव र प्राविधिक कारणले नियमित महाधिवेशन गर्न सम्भव नभए मंसिरभित्रै विशेष महाधिवेशन गर्ने विकल्प पनि पेस गरेका छन्। आइतबार करिब ५३ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दै कार्यवाहक सभापति खड्कालाई लिखित हस्ताक्षर पेस गरेका छन्। मंसिरमा नै एमालेले नियमित र माओवादीले विशेष महाधिवेशन गर्दै छन् भने कांग्रेसको महाधिवेशन कसरी सम्भव छैन ? त्यसैले यदि, तर, किन्तु, परन्तु नभनी कांग्रेसको पनि मंसिर महिनाभित्रै महाधिवेशन गर्नुपर्छ। यो नै लोकतान्त्रिक, विधिसम्मत र जनता तथा कार्यकर्ताप्रति उत्तरदायी प्रक्रिया हो। त्यसैले जारी केन्द्रीय समितिको बैठकले क्यालेन्डरसहित महाधिवेशनको मिति घोषणा गर्नुपर्छ। देउवाले स्वास्थ्यको कारणले सक्रिय राजनीतिबाट संन्यास लिएर कार्यवाहकको जिम्मेवारी सुम्पिइसकेको तथा आगामी मंसिरमा उनको कार्यकाल पनि सकिने भएकाले राजनीतिक र प्राविधिक दुवै कारणले मंसिरमा नै महाधिवेशन गर्नु अपरिहार्य देखिएको छ। अर्कोतिर जेन-जी विद्रोहपछि राष्ट्रिय राजनीतिमा विशेष र असाधारण परिस्थिति सिर्जना भएको छ। २००७ देखि भदौ २२ गतेसम्मको प्रमुख राजनीतिक शक्ति किन, कसरी र के कारणले किनारामा पुग्यो ? स्थापना भएदेखि पहिलो पटक कांग्रेसको सहभागिताबिना आन्दोलन भएको छ र उक्त आन्दोलनले कांग्रेसलाई विस्थापित गरिदिएको छ। यस्तो अवस्था कसरी सिर्जना भयो ? पार्टी नेतृत्वको कमजोरी र अलोकप्रियता हो कि सरकारको असफलता हो ? यो नीतिगत असफलता हो कि रणनीतिक र कार्यनीतिक ? यस्तो विशेष र असाधारण अवस्थामा यी समग्र राजनीतिक परिवेश र प्रश्नका बारेमा छलफल र बहस गरी निष्कर्षमा पुग्ने सर्वोच्च निकाय महाधिवेशन नै हो। यी विषयमा गम्भीर आत्मसमीक्षा र आत्मचिन्तन गरी विगतका गल्ती र कमजोरीप्रति क्षमायाचना गर्दै आत्मालोचनासमेत गर्नु आवश्यक छ।

त्यसैले कुनै पनि बहानामा महाधिवेशनको विकल्प छैन। तर यस्तो अपरिहार्य परिस्थितिका बाबजुद पनि केन्द्रीय समितिले मंसिरभित्रै महाधिवेशन गर्ने निर्णय गरेन भने महाधिवेशन प्रतिनिधिहरूको विधानसम्मत माग गरिएको विशेष महाधिवेशन गर्नुभन्दा अर्को श्रेष्ठ विकल्प छैन। उक्त परिदृश्यमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गरी पार्टी पुनर्गठन, रूपान्तरण र शुद्धीकरण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ।

साभार : कान्तिपुर।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday